कालिमाटी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
रामपुर, सल्यान

पत्र संख्या:-२०७८।०७९
चलानि नं:- ८५०

कर्णाली प्रदेश नेपाल
मिति:- २०७८।१२।२१

## बिषय:- प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

दोस्रो पटक सूचना प्रकाशन मिति :- २०७८।१२।२१

प्रस्तुत विषयमा चालु आ.व .२०७८।०७९ मा यस कालिमाटी गाउँपालिकाको बहुक्षेत्रिय पोषण कार्यक्रमको लागि प्रथम पटक मिति २०७८।१२।०६ गते च नं ७५० सुचना अनुसार एक वटा मात्र प्रस्ताव पेश भएको तर छनौटका लागि कम्तीमा ३ (तीन) वटा प्रस्ताव पेश भएको हुनुपर्ने भएको हुदा पुन : दोस्रो पटक सुचना प्रकाशन गरिएको छ ।यस अन्तर्गत रु ६२५०००(अक्षेरुपी रु छ लाख पच्चिस हजार मात्र) रकम बिपन्न समुदायका हजार दिनका आमाहरुको पोषण अवस्था सुधारका लागि महिला सहकारी तथा महिला समुह लाई आयआर्जन गर्न पुजी अनुदान वितरण गरी सामाजिक तथा आर्थिक सशक्तिकरण र व्यवसायिक उद्यमशिलता प्रर्बधन गर्नको लागि महिला सहकारि तथा महिला समुहलाई उद्यमशिलता विकासका लागि अनुदान कार्यक्रम संचालन गर्ने भएको हुँदा कालिमाटी गाउँपालिका भित्रका महिला सहकारी तथा महिला समुहले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तोकिएको ढाँचामा तपशिलका कागजातहरु संलग्न राखी कार्यालय समय भित्र कालिमाटी गाउँपालिकाको कार्यालयमा कार्यक्रम प्रस्ताव दर्ता गर्नुहुन दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरु छनौटका लागि समाबेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

................................
हरि बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

संलग्न राख्नुपर्ने कागजातहरु:-

१ निवेदन र सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र।
२ गत आ.व को लेखा परीक्षण प्रतिवेदन।
३ अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धित महिला सहकारी संस्था वा महिला समुहको कार्यसमिती बैठक निर्णयको प्रतिलिपी।
४ सहकारी संस्था तथा समुहको दर्ता प्रमाण पत्र तथा बिधानको प्रतिलिपी।
५ स्थायी लेखा नं र गत आ. व को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
६ महिला सहकारी संस्था वा महिला समुहबाट प्रमाणित गरिएको कार्यक्रम प्रस्तावना।
७ चालु आ.व मा कुनै पनि सरकारी निकायबाट अनुदान प्रप्त नगरेको स्व घोषणा पत्र।
८ महिला सहकारी वा महिला समुहले गर्न चाहेको ब्याबसायको ब्याबसायिक योजना पत्र।
९ महिला समुहको हकमा १(एक )बर्ष भित्रमा महिला सहकारीमा रुपान्तरण हुने प्रतिबद्वता।
१० महिला सहकारीलाई प्रथामिक्ता दिइनेछ।

**नोट:** प्रस्तावनाको ढाँचाका लागि यस कालिमाटी गाउँपालिकाको कार्यालय वा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा सम्पर्क राख्नुहोला।

सम्पर्क मो. नं .:- ९८६७९६९९७७ ( रितु के सी तिमिल्सेना-शाखा प्रमुख )